मिति - २०७८।०९।२१ गते

आज मिति- २०७८।०९।२१ गतेका दिन यस फाल्गुनन्द गाँउपालिका गाँउकार्यपालिकाको बैठक गाँउपालिकाका अध्यक्ष श्री बिर बहादुर कुरुम्बाङको अध्यक्षता तथा तपिशल बमोजिमको उपस्थितिमा बसि देहाय बमोजिमका प्रस्तावहरुमाथि छलफल गरि निर्णयहरु पारित गरियो ।

उपस्थिति -

१ श्री बिर बहादुर कुरुम्बाङ, अध्यक्ष

२ श्री देवित्राकुमारी आङ्देम्बे, उपाध्यक्ष

३ श्री निर्मल तुम्रोक, प्रमुख प्रशासकीय अधिकृत

४ श्री होम प्रसाद आङ्देम्बे, वडा अध्यक्ष - वडा नं: १

५ श्री बहादुर सि नेम्बाङ, वडा अध्यक्ष - वडा नं: २

६ श्री सुखविर नेम्बाङ, वडा अध्यक्ष - वडा नं: ३

७ श्री मनबहादुर चेम्जोङ, वडा अध्यक्ष - वडा नं: ४

८ श्री अविन्द्र प्रसाद चेम्जोङ, वडा अध्यक्ष – वडा नं ५

९ श्री नारायण प्रसाद आङ्देम्बे, वडा अध्यक्ष - वडा नं: ६

१० श्री लिला वल्लभ नेपाल, वडा अध्यक्ष - वडा नं: ७

११ श्री फुलमाया बम्जन, गाँउकार्यपालिका सदस्य

१२ श्री गोरीमाया रुम्बा तामाङ, गाँउकार्यपालिका सदस्य

१३ श्री भीमा आङ्देम्बे, गाँउकार्यपालिका सदस्य

१४ श्री चन्द्रकुमारी आङ्देम्बे, गाँउकार्यपालिका सदस्य

१५ श्री बन्दना सेलीङ रम्तेल, गाँउकार्यपालिका सदस्य

१६ श्री भगीरथ विश्वकर्मा, गाँउकार्यपालिका सदस्य

**प्रस्ताव नं. १.** मिति २०७८/८/२१ गते बसेको गाउँ कार्यपालिकाको निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १.** गत मंसिर २१ गते बसेको कार्यपालिकाको निर्णयहरुको कार्यान्वयन सम्बन्धी समिक्षा गर्दा निर्णय कार्यान्वयनमा सम्पूर्ण सरोकारवाला पक्षहरु तदारुकताका साथ लागिपरेको पाइउको छ । गाउँपालिकामा हलुका सवारी चालक नियुक्ति भएको छ । सार्वजानिक सुनुवाइ कार्यक्रम वडा नं. ३ मा बाहेक सबै वडामा सम्पन्न भइसकेको छ । गाउँपालिकाले पुर्वाधार उपयोग शुल्क वडा नं. ४ को देउरालीबाट सुरु गरेको छ । थप वडामा पनि यथासिघ्र सुरुवात गर्नु पर्ने देखिन्छ । गत कातिकमा परेको अविरल वर्षाका कारण क्षतिपुगेका गाउँपालिकाका मुल सडकहरु सरसफाइ गर्ने काम सम्पन्न भएको छ ।

**प्रस्ताव नं. २.** श्री सिद्धदेवी माविलाई प्राविधिक धार सञ्चालन गर्न सम्बन्धन दिने सम्बन्धमा ।

**निर्णय नं. २.** फाल्गुनन्द गाउँपालिका वडा नं. १ स्थित श्री सिद्धदेवी मावि नेपाल सरकारले नमुना मावि समेत घोषणा गरी सञ्चालन भइरहेको छ । उक्त विद्यालयले प्राविधिक धार अन्तर्गत पशुविज्ञान कक्षा ९ देखि १२ सम्म सञ्चालनको सम्बन्धनमा लागि दिएको निवेदन उपर छलफल गर्दा विद्यालयको क्षमता र सम्भाव्यता समेतलाई मध्यनजर गरी उपयुक्त देखिएकोले पशुविज्ञान सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) ३ अनुसार सम्बन्धन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.** श्री सिद्धेश्वरी माविलाई कक्षा सञ्चालन अनुमति दिने सम्बन्धमा ।

**निर्णय नं. ३.** फालगुनन्द गाउँपालिका वडा नं. ४ स्थित श्री सिद्धेश्वरी माविले तपशिल बमोजिमका विषयमा पठनपाठनका लागि अनुमति माग गरेको निवेदन उपर छलफल गर्दा विद्यालयको क्षमता र सम्भाव्यता समेतलाई मध्यनजर गरी उपयुक्त देखिएकोले पठन पाठनका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

१. Marketing २. Accounting ३. Mathematics ४. Business Mathematics ५. Business Studies

**प्रस्ताव नं. ४.** शिक्षक अनुदान सम्बन्धमा ।

**निर्णय नं. ४.** नेपाल सरकारबाट शसर्त अनुदानका रुपमा प्राप्त भएको अंग्रेजी, गणित, विज्ञान अनुदान शिक्षक अन्तर्गत प्राप्त भएको कोटाबाट श्री घुर्विसे पञ्चमी माध्यमिक विद्यालयको माग बमोजिम विद्यार्थी संख्याका आधारमा उक्त विद्यालयमा अनुदान कोटा वितरण गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं. ५.** अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गतका कार्यविधी पारित गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५.** प्रस्तुत विषयमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत मिलिजुली समुहको विउ पूँजि परिचालन सम्बन्धी कार्यविधी र अपाङ्गता भएका व्यक्तिमहरुको स्वास्थ्य उपचार सहयोग प्रकृयालाई सहज बनाउनका लागि तयार गरिएको कार्यविधी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६** स्विस सरकार सँगको साझेदारीमा योजना सञ्चालनको लागि माग गर्ने सम्बन्धमा ।

**निर्णय नं. ६.** फाल्गुनन्द गाउँपालिका वडा नं.-३ पौवासारताप मा तल्लो विकासे सिंचाई कुलो निर्माणको लागि सिंचाई कार्यालय फिदिमबाट सर्भे भएको तथा दोहोरो पर्न जाने भएको हुँदा उक्त कार्यालयले कार्य नगर्ने भनी पत्र मार्फत जानकारी गराएको हुँदा स्विस सरकार अन्तर्गत सञ्चालीत साना सिंचाई आयोजना (SIP) मा योजना सञ्चालनको लागि माग गर्ने निर्णय पारित गरियो । साथै फाल्गुनन्द-३ पौवासारताप मालिङ्गेनीमा रहेको पेवाँलेछे माथिल्लो कुलो, स्याङबाखोला कुलो फाल्गुनन्द-३, टिम्बुरे कुलो फाल्गुनन्द-३ र फाल्गुनन्द-२ स्थित फिक्चुखोला याङसुकुलो साविक इम्बुङ ४, ५ र ५ मा सिचाईंकुलो निर्माणको लागि स्विस सरकार अन्तर्गत साना सिंचाई आयोजना (SIP) बाट डिपिआर गरी योजना सञ्चालनको लागि माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७** अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण शिविर सञ्चालन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ७** प्रस्तुत विषयमा यस गाउँपालिका भित्र अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गर्न २०७८ माघ ४ र ५ गते फाल्गुनन्द गाउँपालिकामा परिचय पत्र वितरण शिविर सञ्चालन गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ८** कर्मचारी रिक्त दरबन्दी पदपूर्ति सम्बन्धमा ।

**निर्णय न. ८** प्रस्तुत विषयमा फाल्गुनन्द गाउँपालिकाका स्वास्थ्य चौकी र स्वास्थ्य इकाईमा तथा ३ नं. वडा कार्यालयमा रिक्त दरबन्दी पदपूर्तिका लागि आवश्यक प्रकृया अगाडी वढाउने र आधारभूत स्वास्थ्य केन्द्र फाल्गुनन्द-७ मा रिक्त दरबन्दीमा पदपूर्तिका लागि लोकसेवा आयोगमा माग गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ९** योजना माग गर्ने सम्बन्धमा ।

**निर्णय नं. ९** प्रस्तुत विषयमा घुर्विसे पञ्चमी-जिउजीया-मुरले-ज्योती-मेहेलबोटे सडक कालोपत्रेका लागि श्री भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय सिंहदरवार काठमाण्डौं र आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. १ विराटनगर मोरङमा वजेट माग गर्ने निर्णय पारित गरियो । तथा फाल्गुनन्द-५ स्थित किराँत हाङसाम युमा माङहिम व्यवस्थापन तथा निर्माणमा पर्यटन विकासका लागि र १६ औं राष्ट्रिय विभुती महागुरु फाल्गुनन्दको सालिक निर्माणका लागि श्री भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर मोरङमा डिपिआर वमोजिमको वजेट माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०** मोटरबाटो सरसफाई भएको भुक्तानी सम्बन्धमा ।

**निर्णय नं. १०** प्रस्तुत विषयमा २०७८ असोज कात्तिक महिना गएको अविरल वर्षाले क्षती पुर्याएको फाल्गुनन्द-३ गुम्बाडांडा देखि सारताप जाने मोटरबाटो सरसफाइ गर्ने क्रममा जेसिवी द्धारा ८० घण्टा लागेको रकम र फाल्गुनन्द-१ को चित्रुपे देखि मिलडांडा मोटरबाटो सरसफाइ गर्ने क्रममा जेसिवी द्धारा २५ घण्टा लागेको रकम विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ११ मौलो पुजाको रकम भुक्तानी सम्बन्धमा ।

निर्णय नं. ११ प्रस्तुत विषयमा फाल्गुनन्द गाउँपालिका भित्र रहेको ५ वटा प्रहरी चौकी र सशस्त्र बेश क्याम्प राँकेलाई वडादशैं २०७८ को मौलो पुजा वापत रु. ८,०००।०० का दरले विविध खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय पारित गरियो ।

निर्मल तुम्रोक
प्रमुख प्रशासकीय अधिकृत